Government of Nepal
Ministry of Education
Department of Education

*प्रत्येक विद्यालय सुरक्षित विद्यालय !! सुरक्षित विद्यालय,सुरक्षित भविष्य, सुरक्षित मुलुक !!!*

# विपद् जोखिम न्यूनीकरण सहितको विद्यालय सुधार योजना

Funded by
European Union
Humanitarian Aid
and Civil Protection

## परिचय

शिक्षा मन्त्रालय र बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण समूह (Child-Centered Disaster Risk Reduction Consortium: CC-DRR) को सहकार्यमा बृहत्तर विद्यालय सुरक्षा ढाँचा कार्यान्वयन गर्न सुरक्षित विद्यालय साझेदारी कार्यक्रम संचालन गरेको छ। यस ढाँचाले सुरक्षित विद्यालयका निम्ति तीन स्तम्भहरूको समान महत्त्वमा जोड दिएको छ। १) सुरक्षित सिकाइ सुविधाहरू २) विद्यालय विपद् व्यवस्थापन ३) जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा।

हाम्रा विद्यालयहरूले निर्माण गर्ने विद्यालय सुधार योजना (School Improvement Plan –SIP) मा विपद् जोखिम न्यूनीकरणको अवधारणा समायोजित गरी नेपालका प्रत्येक विद्यालयलाई सुरक्षित बनाउनका लागि सरकारदेखि विद्यालय तहसम्म पहल हुनु आवश्यक छ।



**विपद् जोखिम न्यूनीकरणसहितको विद्यालय सुधार योजना निर्माणका निम्ति !!**

## १ पूरक तालिम पुस्तिका निर्माण

शिक्षा विभागले SISM 2 अन्तर्गत सन् २०१६ को अन्त्यसम्म प्रत्येक विद्यालयमा पुग्ने गरी विपद् जोखिम न्यूनीकरण सहितको विद्यालय सुधार योजना निर्माणका निमित्त पूरक तालिम पुस्तिका निर्माण गरेको छ। यसले जोखिम मूल्याङ्कन, विद्यालय सुरक्षा योजना र जनचेतना विस्तार जस्ता बिषयमा जोड दिएको छ। यस विषयको ज्ञान तथा सिपको आदान प्रदान मन्त्रालय तहदेखि विद्यालय तहसम्म गर्ने काम भएको छ।

## २ तालिम र कार्यशाला

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थीहरू र गाउँ, गैरसरकारी संघ संस्था तथा विपद् जोखिम न्यूनीकरणका अभियान्ताकाबीचमा कसरी विद्यालय सुधार योजनामा विपद् जोखिम न्यूनीकरणलाई अध्यावधिक गर्दै लान सकिन्छ भन्ने ज्ञान तथा सिप २ दिने कार्यशाला तालिममा प्रदान गरिएको थियो।

## ३ विद्यालय सुधार योजना निर्माणमा सहकार्य

विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू, विद्यार्थीहरू, आमन्त्रित विषय विज्ञ, समुदायका विपद् मामिलाका प्रतिनिधिहरूको सहकार्यमा विपद् जोखिम न्यूनीकरण अवधारणासहितको विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन आगामी दिनहरूमा हुनेछ।

**यसरी निर्माण भएको विद्यालय सुधार योजनाले निम्न ५ पक्षहरूलाई ध्यान दिनेछ :**

१. *बहुपक्षीय जोखिम मूल्याङ्कन (संरचनागत र गैर संरचनागत )*
२. *विद्यालय सुधार योजना निर्माण र विपद् जोखिम सवाल समावेश*
३. *शैक्षिक कार्यक्रम निरन्तरताको योजना।*
४. *विपद् जोखिम न्यूनीकरणका बारे तत्परता तथा सहायतका लागि क्षमता अभिबृद्धि*
५. *अनुगमन, पृष्ठपोषण आदान प्रदान र समुदायबिच विचार विमर्श।*

## हाम्रो अपेक्षा

विपद् जोखिम न्यूनीकरण अवधारणासहितको विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनले विद्यालय र समुदायबिचको अन्तरसम्बन्धलाई स्थापितगर्दै पारिवारीक तहमा विपद् विरुद्ध तत्परता यो जना निर्माण गर्न सहयोग गर्नुका साथै समुदाय कै विपद् जोखिम न्यूनीकरण योजना निर्माण गर्न र कार्यान्वयन गर्न मदत गर्नेछ।

"यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरुको बारेमा यस प्रकाशनमा उल्लेख गरिएको छ। यूरोपियन यूनियनका आधिकारीक धारणाको रुपमा कुनै पनि किसिमले यहाँ व्यक्त विचारहरुलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन।"

PLAN INTERNATIONAL · Save the Children · unicef · UN HABITAT FOR A BETTER URBAN FUTURE · World Vision · NCE NEPAL